## स्थायी लेखा नम्बर स्थगन भएको कसरी थाहा पाउने?

१.www.ird.gov.np मा जानुहोस्।

२.PAN Search (स्था.ले.नं. खोजी) मा क्लिक गर्नुहोस्।

३.स्थायी लेखा नम्बर राख्नुहोस् र खोज्नुहोसमा क्लिक गर्नुहोस्।

४.Registration Details मा Status “**De-active**” देखिन्छ।

## स्थायी लेखा नम्बर दर्ताका लागि के के कागजातहरु आवश्यक पर्छन्?

१.व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि

२.व्यवसाय दर्ता गरिएको सिफारिस पत्र

३.प्रोप्राइटरको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

४.घर बहाल सम्झौताको प्रतिलिपि र लालपुर्जाको प्रतिलपि

५.करदाता पोर्टलबाट भरिएको अनलाईन फाराम

## User ID / Password कसरी बनाउन सकिन्छ?

१.www.ird.gov.np मा जानुहोस्।

२.Taxpayer Portal मा क्लिक गर्नुहोस्।

३.Create Taxpayer Login वा Forget Password मा क्लिक गर्नुहोस्।

४.PAN नम्बर उल्लेख गर्नुहोस् र TAB थिच्नुहोस्।

५.Password राख्नुहोस् र Confirm Password गर्नुहोस्।

६.दिइएको Captcha प्रविष्ट गर्नुहोस्।

७.Create मा क्लिक गर्नुहोस्।

८.मोबाइलमा प्राप्त OTP उल्लेख गर्नुहोस् ।

## ETDS Statement कसरी निकाल्न सकिन्छ?

१. www.ird.gov.np मा जानुहोस्।
२. Taxpayer Portal मा क्लिक गर्नुहोस्।
३. General भित्र Taxpayer Login मा क्लिक गर्नुहोस्।
४. स्थायी लेखा नम्बर, प्रयोगकर्ताको नाम, पासवर्ड र Captcha राखी Login गर्नुहोस्।
५. Witholdee Information मा मितिको किसिम (BS/AD), देखि र सम्म मिति राख्नुहोस्।
६. Search गरेर Excel Format मा Download गर्नुहोस् वा Generate Report in PDF गर्नुहोस्।

## व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) कसरी प्रिन्ट गर्न सकिन्छ?

१. http://ereturns.ird.gov.np:8289/general/taxpayerLogin मा जानुहोस्।
२. स्थायी लेखा नम्बर, प्रयोगकर्ताको नाम, पासवर्ड र Captcha राखी Login गर्नुहोस्।
३. Transaction मा Transaction for PAN Card Print मा गई icon मा क्लिक गर्नुहोस्।

## व्यक्तिगत करचुक्ता प्रमाणपत्र कसरी प्रिन्ट गर्न सकिन्छ?

१. http://ereturns.ird.gov.np:8289/general/taxpayerLogin मा जानुहोस्।
२. स्थायी लेखा नम्बर, प्रयोगकर्ताको नाम, पासवर्ड र Captcha राखी Login गर्नुहोस्।
३. Tax Clearance मा गई आर्थिक वर्ष, कार्यरत संस्थाको स्थायी लेखा नं, कार्यरत जिल्ला, मोबाइल नं., इमेल भर्नुहोस्।
४. सामाजिक सुरक्षामा आबद्ध भए "म सामाजिक सुरक्षा कोषमा आबद्ध छु" मा ✓ चिन्ह लगाउनुहोस्।
५. निम्न विवरणमा ✓ चिन्ह लगाउनुहोस्:
   क. मैले E-TDS गरेको छु
   ख. एकल रोजगार बाहेक अन्य आय छैन

ग. मैले सहि र वास्तविक पारिश्रमिक घोषणा गरेको छु । कुनै कारोबार लुकाए छिपाए वा पछि अन्य भई कर दायित्वमा फरक परेमा कानुन बमोजिम हुने कारवाही सहने बुझाउने छु

घ. स्वघोषणाः यहाँ पेश गरेको विवरण मैले जाने बुझेसम्म ठीक साँचो हो, झुठा ठहरे सहुँला बुझाउँला

६. करदाताको किसिम, लिङ्ग, अपाङ्गता विवरण र दुर्गम क्षेत्र विवरण उल्लेख गर्नुहोस्।

७. वार्षिक आय र वार्षिक कट्टीका विवरण, औषधि उपचार खर्चको विवरणहरु उल्लेख गरी Calculate Tax मा क्लिक गर्नुहोस् र Submit गरी प्रिन्ट गर्नुहोस्।